# काठमाडौं महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल**

**पत्र संख्या: ०७७/०७८**
**चलानी नं.: १२६**

श्री सबैं वडा कार्यालय
काठमाडौं महानगरपालिका ।

मिति २०७७।०५।२१

विषयः रकम निकासा सम्वन्धमा ।

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिकाको मिति २०७७ असार २१ गते बसेको नगरसभाको सातौं अधिवेशनबाट स्वीकृत आर्थिक बर्ष २०७७।०७८ को बार्षिक बजेट तथा कार्यक्रममा वडास्तरीय प्रशासनिक खर्चको लागि विनियोजन भएको बजेट रकममा संलग्न विवरण बमोजिम बजेट शीर्षकहरूमा खर्च गर्न प्रथम चौमासिक निकासा रकम वापत रू. ३,०७,००० र महानगरपालिकाको केन्द्रबाट संचालन गरिने कोभिड १९ रोगको रोगथाम तथा नियन्त्रण कार्यक्रममा (केन्द्रिस्तर) विनियोजन भएको बजेट रकमबाट तोकेको क्षेत्रमा खर्च गर्ने गरी प्रति वडा कार्यालय रू.२,००,००० का दरले जम्मा रू. ५,०७,००० (पांच लाख सात हजार) रकम निकासा वापत वडा कार्यालयको खर्च खातामा रकम निकासा स्वरूप पठाइएको व्यहोरा अनुरोध छ ।

..........................
(बुद्धरत्न मानन्धर)
प्रमुख
वित्त विभाग

# काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

पत्र संख्या: ०७७/०७८

चलानी नं.: ९२६

१. श्रीमान् सचिवज्यूबाट २०७७।०४।२३ चलानी नम्वर ७३ को खर्च गर्ने सम्वन्धी मागदर्शन पत्रानुसारको खर्च गर्न पालना गर्नु पर्ने शर्तहरू एवं प्रचलित कानून समेत ध्यानमा राखी तपसिल बमोजिमका बजेट शीर्षकहरूमा (चालू खर्च ) सूत्र प्रणाली मार्फत खर्च गर्न हुन अनुरोध छ ।

| संकेत नं. | वजेट शीर्षक | खर्च क्षेत्रहरू | प्रति वडा बार्षिक बजेट | चौमासिक निकासा |
|---|---|---|---|---|
| २११४१ | पदाधिकारी बैठक भत्ता | बैठक भत्ता | ४३२,०००.०० | १४४,०००.०० |
| २२१११ | पानी तथा बिजुली | बिद्युत तथा खानेपानी धारा महसूल | ६०,०००.०० | २०,०००.०० |
| २२११२ | संचार महशुल | टेलिफोन तथा फ्याक्स | ४८,०००.०० | १६,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | मसलन्द, छपाई तथा कार्यालय सामान | १२०,०००.०० | ४०,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | पत्रपत्रिका, पुस्तक खरिद शुभकामना, प्रचार प्रसार र बिज्ञापन | ६३,०००.०० | २१,०००.०० |
| २२७११ | विविध खर्च | अतिथी सत्कार, पिउने पानी तथा अन्य विविध खर्च | २००,०००.०० | ६६,०००.०० |
| | प्रशासनिक खर्च जम्मा | | | ३०७,०००.०० |
| २७२१२ | कोभिड १९ तथा अन्य महामारी रोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम | कोभिड १९ तथा अन्य महामारी रोगको रोकथाम तथा नियन्त्रण कार्य | | २००,०००.०० |
| | कुल जम्मा | | | ३०७,०००.०० |

पदाधिकारीहरूलाई बैंठक भत्ता प्रदेशले तोके बमोजिम मासिक ४ पटक सम्मको प्रति बैठक रू. १,०००का दरले उपलब्ध गराउने ।

२. कोभिड १९ संक्रमित बिरामीको निकट सम्पर्कमा रहेका ब्यक्तिहरूको ट्रेसिड तथा पी.सि आर गराउने, संक्रमित बिरामीहरूलाई आईसोलेसन वा अस्पताल पुयाई उपचार गराउने कार्यमा सहयोग तथा समन्वय गर्ने कार्य वडास्तरबाट गर्नु पर्ने भएकोले वडा अध्यक्ष, सदस्यहरू, जनस्वास्थ कर्मचारीहरू र आवश्यकता अनुसार वडा कर्मचारी, सामाजिक परिचालक र स्वास्थ स्वयंमसेवीकाहरू समेत परिचालन गर्न पर्ने भएकोले मिति २०७७।०५।१९ श्रीमान् सचिवज्यूको निर्णयानुसार प्रचलित कानून बमोजिम मितव्ययिता अपनाई खर्च गर्न केन्द्रियस्तरको बजेट शीर्षक कोभिड १९ तथा अन्य महामारी रोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम मा ब्यवस्था भएको बजेटबाट निकासा पठाईएको छ ।

**खर्चका क्षेत्रहरू :**

१. कोभिड १९ बाट संक्रमित भै होम आइसोलेशनमा बसेको ब्यक्तिहरूलाई प्रति ब्यक्ति एक पटक रू. ५०० सम्मको फलफुल तथा पोषणयूक्त औषधि उपलब्ध गराउने ।

२. होम आइसोलेशनमा बसेका बिरामीहरूलाई बाह्य स्वास्थ प्राविधिक कर्मचारीबाट काउन्सिलिड गरे वापत प्रति ब्यक्ति रू. २०० का दरले परामर्श सेवा उपलब्ध गराउने ।

३. आवश्यकता अनुसार नियमानुसार स्वास्थ सुरक्षा सामाग्री (मास्क, पन्जा, सानिटाईजर) खरिद गर्न ।

४. कोभिड १९ रोगथाम तथा नियन्त्रण गर्न आवश्यक अन्य खर्च गर्न ।

बुद्धरत्न मानन्धर
निर्देशक/लेखा

बागदरवार, काठमाडौं, नेपाल । फोन नं.: ४२६८५०६, फचाक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: info@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np